(३) उपदफा (१) वमोजिमका ऐनहरु पारित गर्न नगर कार्यपालिकाको बैठकले पारित गरी नगरसभामा पेश गर्नुपर्नेछ ।

(४) उपदफा (१) वमोजिम पारित ऐनहरु पारित भएको ७ दिन भित्र नगरपालिका प्रमुखबाट प्रमाणित गरिनेछ ।

(५) पारित ऐनहरु उपदफा (४) वमोजिम नगरपालिका प्रमुखबाट प्रमाणित भएपछी उक्त ऐनहरु नगरपालिकाको ऐन हुनेछ ।

(६) नगरपालिकाका ऐनहरु नगर प्रमुखको निर्देशनमा प्रमुख प्रशासकीय अधिकृतले नगरपालिकाको राजपत्रमा प्रकाशित गर्नेछ ।

(७) पारित भई प्रमाणित भएर वनेका ऐनहरु नगरपालिकाको राजपत्रमा प्रकाशित भएको मिति देखी लागु हुनेछ ।

(८) कार्यपालिकाले निर्णय गरी नगरसभामा पेश गर्ने, पारित गर्ने, प्रमाणित गर्ने, तथा राजपत्रमा प्रकाशन हुने विधी तथा प्रकृया तोकिए वमोजिम हुनेछ ।

**४. अध्यादेश बाट कानून बनाउन सक्ने :**

(१) नेपालको संविधानको अनुसूचि ८ र अनुसूचि ९ तथा संघीय, प्रदेश कानून एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४, वमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएका कार्य जिम्मेवारी पुरा गर्न तत्काल ऐन आवश्यक परेको तर नगरसभा तत्काल हुन नसक्ने अवस्थामा कार्यपालिकाले अध्यादेशबाट ऐन पारीत गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम ऐन वनाउदा/पारित गर्दा नेपालको संविधान, संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्रै बनाउनु पर्नेछ ।

(३) उपदफा (१) वमोजिम पारित ऐनहरु पारित भएको ३ दिन भित्र नगरपालिका प्रमुखबाट प्रमाणित गरिनेछ ।

(४) कार्यपालिकाबाट अध्यादेशको रुपमा पारित ऐनहरु उपदफा (३) वमोजिम नगरपालिका प्रमुखबाट प्रमाणित भएपछी उक्त ऐनहरु सूर्यविनायक नगरपालिकाको ऐन हुनेछ ।

